मन्थली नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मन्थली, रामेछाप
वागमती प्रदेश, नेपाल

## नदीजन्य कच्चा पदार्थ विक्री शुल्क संकलनका लागि बोलपत्र आह्वान सम्बन्धी सूचना

(दोस्रो पटक प्रकाशित मितिः २०८०/११/०३)

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६२ क. र यस मन्थली नगरपालिकाको आर्थिक ऐन २०८० को दफा १९ को व्यवस्था बमोजिम म.न.पा. को स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदनमा उल्लेखित तामाकोशी नदी तथा खोलाहरु र सुनकोशी मरिन डाइभर्सन बहुउद्देश्यीय आयोजनाको विस्तृत वातावरणीय परीक्षण EIA प्रतिवेदनमा उल्लेखित क्षेत्र मध्ये म.न.पा.-६ स्थित सुनकोशी नदी किनारको घडेरी बगर क्षेत्रको पूर्वी भागको ६० प्रतिशत क्षेत्रबाट निर्धारित परिमाण मापदण्ड बमोजिम नदीजन्य पदार्थ उत्खनन् गरी यस नगरपालिकाले तोकेको दरमा बिक्री गर्ने गरी ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले इच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुले फर्मको नवीकरण प्रमाणपत्र, मूल्य अभिवृद्धि कर प्रमाणपत्र, आ.व. २०७९/०८० को करचुक्ता प्रमाणपत्रको प्रतिलिपी, नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि तथा व्यक्तिको हकमा नागरिकताको प्रमाण पत्रको प्रतिलिपी र व्यक्तिगत स्थायी लेखा नम्बरको प्रतिलिपी संलग्न गरि तपसिल बमोजिमका शर्तहरुको अधीनमा रही  बोलपत्र प्रक्रियामा सहभागी हुन सम्वन्धित सवैको लागि दोस्रो पटक यो ३० (तीस) दिने सार्वजनिक सूचना प्रकाशन गरिएको छ ।

तपसिलः

| सि. नं | सुचना नं. /बोलपत्र नं. | बोलपत्रको नाम | उत्खनन परिणाम (घनफिट) | न्युनतम बोलपत्र रकम (मु.अ.कर बाहेक रु.) | धरौटी रकम | बोलपत्र दस्तुर रु. | बोलपत्र खरिदको अन्तिम मिति र समय | बोलपत्र खरिदको अन्तिम मिति र समय |
|---|---|---|---|---|---|---|---|---|
| १ | 03/MM/RS/ 080/081 | ढुङ्गा, गिट्टी, बालुवा र माटोको विक्री कर संकलन कार्य | ५,००,००० | ४५,००,००० | कबोल अंकको ५% | ३००० | २०८०/१२/०२ गते कार्यालय समय सम्म | २०८०/१२/०३ गते दिनको १२ बजे सम्म |

शर्तहरुः

१. इच्छुक बोलपत्रदाताहरुले फर्मको हकमा चालु आ.व. २०८०/०८१ को नवीकरण भएको प्रमाणपत्र, मु.अ. कर प्रमाणपत्र, आ.व. २०७९/०८० को करचुक्ता प्रमाणपत्रको प्रतिलिपी  र व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी र प्यान नंबरको प्रतिलिपीको साथमा माथी उल्लेखित नगद दस्तुर यस कार्यालयमा नगदै  बुझाई वा यस कार्यालयको राष्ट्रिय बाणिज्य बैंक शाखा कार्यालय मन्थली रामेछापमा रहेको खाता नं. १६८०१००३०१०१०००२ मा नगद जम्मा गरेको भौचर साथ निवेदन पेश गरि यो सूचना प्रकाशन भएको मितिले ३०औं दिनको कार्यालय समयभित्र कार्यालयबाट बोलपत्र फारम खरिद गर्न सकिनेछ ।

२. बोलपत्रदाताहरुले आफुले कबोल गरेको अंकको ५ प्रतिशतको दरले हुन आउने धरौटी रकम यस कार्यालयको नाममा राष्ट्रिय बाणिज्य बैंक शाखा कार्यालय मन्थली रामेछापमा रहेको धरौटी खाता नं. १६८०१००३०३००००२ मा नगद जम्मा गरेको सक्कल भौचर वा नेपाल राष्ट्र बैकबाट मान्यता प्राप्त बाणिज्य बैंकहरुबाट यस कार्यालयको नाममा बोलपत्र नं. र नाम उल्लेख गरि कम्तिमा ९० दिनको म्याद सहित जारी गरिएको विड बण्ड सिलबन्दी खाम साथ पेश गर्नु पर्नेछ ।

३. सिलबन्दी बोलपत्र खोल्ने समयसम्म बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।

४. बोलपत्र खरिद वा दर्ता हुने अन्तिम मितिमा सार्वजनिक विदा पर्न गएमा कार्यालय खुलेको दिन सोहि समयभित्र खरिद तथा दर्ता क्रमशः गर्न सकिनेछ ।

५. बोलपत्र सम्वन्धी विस्तृत जानकारी बोलपत्र सम्वन्धी फाराममा उल्लेख गरिएको हुँदा सोही पुस्तिकाबाट अवगत गर्न वा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

६. नेपाल सरकार वा सरकारी निकायमा बाँकी बक्यौता रहेका, कालोसूचीमा परेका, सरकारी बेरुजु रहेका व्यक्ति वा फर्मले यस प्रक्रियामा भाग लिन पाईने छैन ।

नोटः यो सूचना सम्बन्धी थप जानकारीको लागी यस कार्यालयको website : www.manthalimun.gov.np  र मन्थली नगरपालिकाको फेसबुक पेज हाम्रो मन्थली नगरपालिकामा समेत हेर्न सकिनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत